# कृषि-मौसम सल्लाह बुलेटिन

**[Agro-met Advisory Bulletin (AAB)]**

नेपाल कृषि अनुसन्धान परिषद्, राष्ट्रिय कृषि वातावरण अनुसन्धान केन्द्रद्वारा
जल तथा मौसम विज्ञान विभागसँगको सहकार्यमा जारी

वर्ष-१२, अंक-१५ अवधिः ८-१४ साउन, २०८३ ८ साउन, २०८३

## मौसमी सारांशः


- गत साताभर मनसुनी वायुको प्रभावले देशभरका केन्द्रहरूमा वर्षा मापन भएको छ। कोशी, बागमती, गण्डकी र सुदूरपश्चिम प्रदेशका अधिकांश पहाडी र उच्च पहाडी केन्द्रहरूमा तथा लुम्बिनी र सुदूरपश्चिम प्रदेशका तराईका धेरै स्थानहरूमा १००.० मिलिमिटरभन्दा बढी साप्ताहिक वर्षा मापन भएका छन्। देशभरमा वर्षा मापन भएका केही केन्द्रहरूमा सरदरभन्दा कम वर्षा मापन भएको छ। विशेषगरी यो साता मधेश प्रदेश र कोशी प्रदेशका तराईका अधिकांश केन्द्रहरूमा सरदरभन्दा कम वर्षा मापन भएको छ। गत साता वर्षा र बदलीका कारण देशका केही केन्द्रहरूमा सरदरभन्दा बढी अधिकतम तापक्रम र धेरै केन्द्रहरूमा सरदरभन्दा बढी न्यूनतम तापक्रम मापन भएका छन्।
- आगामी साता देशभर नै मनसुनी वायुको प्रभाव रहनेछ। मनसुनको न्यून चापीय रेखा सरदर स्थान आसपास नै रहनेछ भने साताको अन्त्यमा नेपालको पश्चिमी भू-भागमा सरदर स्थानभन्दा उत्तरतिर सर्नेछ।
- **हिमाली भू-भागः** देशभर साताको सुरूमा केही स्थानमा र मध्य र अन्त्यमा धेरै स्थानमा मध्यमसम्मको वर्षा/हिमपातको सम्भावना छ। कोशी, बागमती र गण्डकी प्रदेशमा साताको सुरू र अन्त्यमा एक-दुई स्थानमा र मध्यमा थोरै स्थानमा भारी वर्षाको सम्भावना छ। लुम्बिनी र कर्णाली प्रदेशमा साताको मध्यमा एक-दुई स्थानमा भारी वर्षाको सम्भावना छ। साथै सुदूरपश्चिम प्रदेशमा साताको मध्य र अन्त्यमा एक-दुई स्थानमा भारी वर्षाको सम्भावना छ।
- **पहाडी भू-भागः** कोशी, बागमती, गण्डकी र लुम्बिनी प्रदेशमा साताभर धेरै स्थानमा मध्यमसम्मको वर्षाको सम्भावना छ। साताभर थोरै स्थानमा भारी वर्षा र मध्यमा एक-दुई स्थानमा भारीदेखि धेरै भारी वर्षाको सम्भावना छ। कर्णाली र सुदूरपश्चिम प्रदेशमा साताको सुरूमा केही स्थानमा तथा मध्य र अन्यमा धेरै स्थानमा मध्यमसम्मको वर्षाको सम्भावना छ। साताको सुरू र अन्त्यमा एक-दुई स्थानमा र मध्यमा थोरै स्थानमा भारी वर्षाको सम्भावना छ।
- **तराई भू-भागः** साताको सुरूमा केही स्थानमा तथा मध्य र अन्त्यमा धेरै स्थानमा मध्यमसम्मको वर्षाको सम्भावना छ। कोशी, बागमती, गण्डकी र लुम्बिनी प्रदेशमा साताको सुरू र अन्त्यमा एक-दुई स्थानमा तथा मध्यमा थोरै स्थानमा भारी वर्षाको सम्भावना छ। मधेश प्रदेशमा साताको मध्यमा एक-दुई स्थानमा तथा सुदूरपश्चिम प्रदेशमा साताको अन्त्यमा एक-दुई स्थानमा र मध्यमा थोरै स्थानमा भारी वर्षाको सम्भावना छ।
- आगामी साता देशभर अधिकतम र न्यूनतम तापक्रम उल्लेखनीय परिवर्तन नहुने सम्भावना छ।

## कृषि सारांश

- भारीदेखि धेरै भारी वर्षाको सम्भावना रहेका स्थानहरूमा मकैबाली, तरकारी तथा फलफूल बगैंचालगायत प्लास्टिक घर, पशुपन्छीका खोर-गोठहरू वरिपरि पानी जम्न नदिन निकासको उचित प्रबन्ध गर्नुहोस्।
- २१-२५ दिन भैसकेको धानको बेर्ना प्रतिरोपो २-३ वटाको दरले रोप्नुहोस्। हारदेखि हार २० सेन्टिमिटर र रोपो देखी रोपो १५ सेन्टिमिटर दूरीमा र सूचीकृत गरिएका बर्णशंकर धान १ गोटा बेर्नाको दरले हारदेखि हार २० सेन्टिमिटर र रोपोदेखि रोपो २० सेन्टिमिटर दूरीमा रोप्नुहोस्।
- धानबालीमा हरियो मलको रूपमा तयार भएको एजोला २० केजी प्रतिकठ्ठा वा ३० केजी प्रतिरोपनीका दरले प्रयोग गर्नुहोस्। एजोला वृद्धिको लागि कम्तीमा १० दिनसम्म धानखेतमा पानीको गहिराइ ५-१० सेमी कायम गर्नुहोस्, साथै खेतबाट पानी तथा एजोला बगेर जान नदिनुहोस्।


- सुख्खा छरुवा धानमा साथै रोपेको धानमा झारपात व्यवस्थापनको लागि बिस्पाइरिबेक (Bispyribac Sodium 10 % SC) २५ लिटर पानीमा १२ एमएलको दरले एक रोपनीमा वा १७ लिटर पानीमा ८ एमएलको दरले एक कठ्ठामा धान छरेको १५-२५ दिनभित्र माटोमा छिपछिपे पानी भएको अवस्थामा फ्लाट फ्यान नोजलको प्रयोगले स्प्रे गर्नुहोस्।
- धानखेतमा गुबो मर्ने समस्या हुने भएकोले नियमित अनुगमन गरी प्रकोप बढी भएमा कारटाप हाइड्रोक्लोराइड ४% जी.आर. प्रति कठ्ठा ५०० ग्रामको दरले प्रयोग गर्नुहोस्।
- धान रोपेको २-३ हप्तापछि खेतमा निरन्तर पानी जमेको अवस्थामा धानबालीमा फेद कुहिने रोग लाग्ने हुनाले नियमित अवलोकन गर्नुहोस्। नियन्त्रणको लागि रोगी बोटहरू उखेलेर नष्ट गर्नुहोस्। प्रकोप ज्यादा देखिएमा खेतमा जमेको पानी निकास गरेपछि २ ग्राम बेभिष्टिन प्रतिलिटर पानीमा मिसाइ ८-१० दिनको फरकमा २-३ पटक बोट भिज्नेगरी छर्कनुहोस्।
- सबै किसिमका फलफूल तथा तरकारी बालीहरूमा विषादी राख्नैपर्ने भएमा मौसमको अवस्था हेरेर (कडा घाम लागेको, धेरै हावा लागेको, पानी परिरहेको बेला नपारी) मात्र विषादी छर्कनुहोस्। वर्षातको समयमा विषादी छर्कनै पर्ने भएमा स्टिकर मिसाएर मात्र प्रयोग गर्नुहोस्। साथै विषादी छर्कंदा विशेष सावधानी अपनाउनुहोस्।
- आँपको रुटस्टक तयारी अवस्थामा छ भने इपिकोटायल ग्राफ्टिङ्ग गर्नुहोस्।
- मध्यपहाडमा भदौमा लगाउने आलुबालीका लागि खुमल सेतो-३, खुमल रातो-४, कुफ्रिज्योती, डेजिरे, जनकदेव, खुमल उज्ज्वल, खुमल उपहार, खुमल विकासमध्ये उपलब्ध जातको स्वस्थ बीउ भरपर्दो स्रोतबाट व्यवस्था गर्नुहोस्।
- मध्यपहाडी जिल्लाहरूमा सिमी र बोडीको बीउ उत्पादनका लागि सिफारिस गरिएका जातका बीउहरू मौसमको अवस्था हेरी रोप्न सुरू गर्नुहोस्।
- मध्यपहाडी जिल्लाहरूमा काउलीका अगौटे जातहरूः सिल्भर कप ६०, ह्वाइट टप, सुपर ह्वाइट टप, तराई १ र तराई २ तथा खुमल ज्यापू काउलीको नर्सरी राख्नुहोस्। ब्याड राख्ने जग्गामा बेभिष्टीन ६ ग्राम प्रतिलिटर पानीमा मिसाइ बीउ राख्नु ३-४ दिन अगाडि माटोको उपचार गर्नुहोस्। झरी पर्ने समय भएकोले बेर्नालाई जोगाउन नर्सरीमा खर, पराल वा प्लाष्टिकको छानो राख्नुहोस्।
- खुर्सानीको बोट ओइलाउने र जरा कुहिने रोग लाग्नबाट बचाउनका लागि पानी निकासको उचित प्रवन्ध गर्नुहोस्, रोगी बोटहरू हटाउनुहोस्। प्रकोप भएमा कपरयुक्त विषादी २ ग्राम प्रतिलिटर पानीमा मिसाइ ७-१० फरकमा २-३ पटक जरा र वरिपरिको माटो भिज्नेगरी ड्रेन्चिङ गर्नुहोस्।
- फागुन-चैतमा लगाइएको अदुवा बालीको गानो (बुढी) निकाल्नुहोस्।
- भारी वर्षाले गर्दा हुने बाढीमा मुसाको मुत्रबाट मानिसमा सर्ने लेप्टोस्पाइरोसिस नामक जुनोटिक रोगको प्रकोप बढी हुने भएकाले धान/खेतबारीमा बुट लगाएर मात्र जानुहोस्।
- वर्षातको समयमा खोर र गोठ वरिपरि पानी जम्ने, झाडी बढ्ने र दुलोहरूमा पानी भरिने हुनाले सर्पहरू सुरक्षित ओत खोज्दै गोठभित्र पस्ने सम्भावना निकै उच्च हुन्छ। यस्तो बेला पशुचौपायालाई सर्पदंशबाट जोगाउन गोठको बाहिरी भागमा वा कुनाकाप्चामा कार्वोलिक एसिड वा कडा गन्ध आउने फिनाइल छर्कनुहोस्। साथै गोठको वरपर बाबरी, कागती, वा मरिचजस्ता कडा गन्ध आउने बिरुवाहरू रोप्नुहोस्।
- शंखेकीराको प्रकोप भएको, पानी जमेको ठाउँमा अथवा सिमसार क्षेत्रमा पशुचौपायालाई चराउन लैजानु हुँदैन। ती ठाउँका घाँसपात पशुचौपायाले खाँदा नाम्ले रोग लाग्न सक्दछ। तसर्थ पशुचौपायालाई घाँस खुवाउनुअघि घाममा ओइलाएर मात्र खुवाउनुहोस्।
- माछालाई खुवाउने दानालाई सफा, ओभानो र सुख्खा तथा हावा खेल्ने कोठामा जुट वा प्लाष्टिकको बोरामा प्याक गरी काठको फल्याकमाथि राखी भण्डारण गर्नुहोस्। चिसो ठाँउमा भण्डारण गरेको दानामा ढुसीको संक्रमण हुनसक्ने र यस्तो दाना खुवाउँदा कलेजो सुन्निने रोग (हेपाटोमा) लाग्नसक्ने भएकोले बेला-बेलामा निरीक्षण गर्नुहोस्।
- मौसम सम्बन्धी जिज्ञासाको लागि पैसा नलाग्ने जल तथा मौसम विज्ञान विभागको फोन नम्बर ११५५ मा फोन गर्नुहोस्।
- कृषि र पशुसम्बन्धी जिज्ञासाको लागि पैसा नलाग्ने नार्कको फोन नम्बर ११३५ मा हरेक शुक्रबार साँझ ४ देखि ६ बजेसम्म फोन गर्नुहोस्।

# गत हप्ता (१-७ साउन, २०८३) को मौसमी सारांश





**साप्ताहिक वर्षाः** गत साता ११६ वटा मौसम केन्द्रहरूमा मापन गरिएको साप्ताहिक कुल वर्षाको तथ्याङ्क अनुसार देशभरका केन्द्रहरूमा वर्षा मापन भएको छ। साताभर मनसुनी वायुको प्रभाव रहेको छ। कोशी, बागमती, गण्डकी र सुदुरपश्चिम प्रदेशका अधिकांश पहाडी र उच्च पहाडी केन्द्रहरूमा तथा लुम्बिनी र सुदुरपश्चिम प्रदेशका तराईका धेरै स्थानहरूमा १००.० मिलिमिटरभन्दा बढी साप्ताहिक वर्षा मापन भएका छन्। देशभरमा वर्षा मापन भएका केही केन्द्रहरूमा सरदरभन्दा कम वर्षा मापन भएको छ। विशेषगरि यो साता मधेश प्रदेश र कोशी प्रदेशका तराईका अधिकांश केन्द्रहरूमा सरदरभन्दा कम वर्षा मापन भएको छ। सबैभन्दा बढी सुदुरपश्चिम प्रदेशको दार्चुला जिल्लाको दार्चुला (नयाँ) केन्द्रमा ३०६.३ मिलिमिटर साप्ताहिक कुल वर्षा मापन भएको छ।

नक्साको पृष्ठभूमिमा देखाइएको रंगले साप्ताहिक वर्षा जनाउँछ। त्रिभुजाकार तथा गोलाकार संकेतले केन्द्रमा मापन गरिएको वर्षालाई साप्ताहिक सरदर वर्षासँगको तुलनात्मक तथ्यांकमा देखाउँछ।




**साप्ताहिक अधिकतम तापक्रमः** गत साता ११७ वटा मौसम केन्द्रहरूमा मापन गरिएको साप्ताहिक औसत अधिकतम तापक्रमको तथ्याङ्क अनुसार देशका केही केन्द्रहरूमा सरदरभन्दा बढी तापक्रम मापन भएको छ। तराईका अधिकांश स्थानहरूमा ३०.० डि.से. भन्दा बढी साप्ताहिक औसत अधिकतम तापक्रम मापन गरिएको छ। बागमती प्रदेशको रामेछाप जिल्लाको मन्थली केन्द्रमा सबैभन्दा बढी ३५.७ डि.से. साप्ताहिक औसत अधिकतम तापक्रम मापन गरिएको छ।

नक्साको पृष्ठभूमिमा देखाइएको रंगले साप्ताहिक औसत अधिकतम तापक्रम (डि.से.) जनाउँछ। त्रिभुजाकार तथा गोलाकार संकेतले केन्द्रमा मापन गरिएको तापक्रमलाई साप्ताहिक सरदर तापक्रमसँगको फरकमा देखाउँछ।




**साप्ताहिक न्यूनतम तापक्रमः** गत साता ११८ वटा मौसम केन्द्रहरूमा मापन गरिएको साप्ताहिक औसत न्यूनतम तापक्रमको तथ्याङ्क अनुसार देशका धेरै केन्द्रहरूमा सरदरभन्दा बढी तापक्रम मापन भएको छ। तराईका अधिकांश स्थानहरूमा २५.० डि.से. भन्दा बढी साप्ताहिक औसत न्यूनतम तापक्रम मापन गरिएको छ। गण्डकी प्रदेशको मनाङ जिल्लामा रहेको हुम्दे केन्द्रमा सबैभन्दा कम ९.६ डि.से. साप्ताहिक औसत न्यूनतम तापक्रम मापन भएको छ।

नक्साको पृष्ठभूमिमा देखाइएको रंगले साप्ताहिक औसत तापक्रम (डि.से.) जनाउँछ। त्रिभुजाकार तथा गोलाकार संकेतले केन्द्रमा मापन गरिएको तापक्रमलाई साप्ताहिक सरदर तापक्रमसँगको फरकमा देखाउँछ।

***नोटः*** *(क) सरदर वर्षा भन्नाले सन् १९९१ देखी २०२० सम्मको सम्बन्धित हप्ताको औसतमा १० प्रतिशतभन्दा कम देखि १० प्रतिशतभन्दा बढीको वर्षालाई जनाउँछ।*

*(ख) सरदर अधिकतम/न्यूनतम तापक्रम भन्नाले सन् १९९१ देखी २०२० सम्मको सम्बन्धित हप्ताको औसतमा ०.२ डि.से.भन्दा कम देखि ०.२ डि.से.भन्दा बढीको तापक्रमलाई जनाउँछ।*

*(ग) वर्षा र न्यूनतम तापक्रमको अवधि गत साताको शुक्रबारदेखि बिहीवारसम्म र अधिकतम तापक्रमको अवधि गत साताको बिहीवारदेखि बुधवारसम्मको तथ्यांकलाई लिएर नक्सा तयार गरिएको छ।*

# आगामी साता (८-१४ साउन २०८३) को मौसमी परिदृश्य

| प्रदेश | भौगोलिक क्षेत्र | वर्षा/ हिमपात | अधिकतम तापक्रम | न्यूनतम तापक्रम | बदली हुने अवस्था | महत्वपूर्ण मौसम | कैफियत (मौसम प्रणाली) |
|---|---|---|---|---|---|---|---|
| **कोशी प्रदेश** | हिमाल/ उच्च पहाड | मध्यम/ भारी हिमपात/वर्षा | उल्लेखनिय परिवर्तन नहुने | उल्लेखनिय परिवर्तन नहुने | साधारणतया बादलदेखि अधिकांश बादल | मेघगर्जन/चट्याङ | साताको सुरूमा केही स्थानमा, मध्य र अन्त्यमा धेरै स्थानमा मध्यमसम्मको वर्षा/हिमपातको सम्भावना, साताको सुरू र अन्त्यमा एक-दुई स्थानमा र मध्यमा थोरै स्थानमा भारी वर्षा/हिमपातको सम्भावना |
| | पहाड | मध्यम/ भारीदेखि धेरै भारी वर्षा | उल्लेखनिय परिवर्तन नहुने | उल्लेखनिय परिवर्तन नहुने | साधारणतया बादलदेखि अधिकांश बादल | मेघगर्जन/चट्याङ | धेरै स्थानमा मध्यमसम्मको वर्षाको सम्भावना, साताभर थोरै थोरै स्थानमा भारी वर्षाको सम्भावना, साताको मध्यमा एक-दुई स्थानमा भारीदेखि धेरै भारी वर्षाको सम्भावना |
| | तराई | मध्यम/ भारीदेखि धेरै भारी वर्षा | उल्लेखनिय परिवर्तन नहुने | उल्लेखनिय परिवर्तन नहुने | साधारणतया बादल | मेघगर्जन/चट्याङ | साताको सुरू र अन्त्यमा केही स्थानमा र मध्यमा धेरै स्थानमा मध्यमसम्मको वर्षाको सम्भावना, साताको सुरू र अन्त्यमा एक-दुई स्थानमा तथा मध्यमा थोरै स्थानमा भारी वर्षाको सम्भावना |
| **मधेश प्रदेश** | तराई | मध्यम/ भारी वर्षा | उल्लेखनिय परिवर्तन नहुने | उल्लेखनिय परिवर्तन नहुने | आंशिक बादलदेखि साधारणतया बादल | मेघगर्जन/चट्याङ | साताको सुरू र अन्त्यमा केही स्थानमा र मध्यमा धेरै स्थानमा मध्यमसम्मको वर्षाको सम्भावना, साताको मध्यमा एक-दुई स्थानमा भारी वर्षाको सम्भावना |
| **बागमती प्रदेश** | हिमाल/ उच्च पहाड | मध्यम/ भारी हिमपात/वर्षा | उल्लेखनिय परिवर्तन नहुने | उल्लेखनिय परिवर्तन नहुने | साधारणतया बादलदेखि अधिकांश बादल | | साताको सुरूमा केही स्थानमा र मध्य र अन्त्यमा धेरै स्थानमा मध्यमसम्मको वर्षा/हिमपातको सम्भावना, साताको सुरू र अन्त्यमा एक-दुई स्थानमा र मध्यमा थोरै स्थानमा भारी वर्षा/हिमपातको सम्भावना |
| | पहाड | मध्यम/ भारीदेखि धेरै भारी वर्षा | उल्लेखनिय परिवर्तन नहुने | उल्लेखनिय परिवर्तन नहुने | साधारणतया बादलदेखि अधिकांश बादल | मेघगर्जन/चट्याङ | साताभर धेरै स्थानमा मध्यमसम्मको वर्षाको सम्भावना, साताभर थोरै स्थानमा भारी वर्षाको सम्भावना साताको मध्यमा एक-दुई स्थानमा भारीदेखि धेरै भारी वर्षाको सम्भावना |
| | तराई | मध्यम/ भारीदेखि धेरै भारी वर्षा | उल्लेखनिय परिवर्तन नहुने | उल्लेखनिय परिवर्तन नहुने | साधारणतया बादल | मेघगर्जन/चट्याङ | साताको सुरू र अन्त्यमा केही स्थानमा र मध्यमा धेरै स्थानमा मध्यमसम्मको वर्षाको सम्भावना, साताको सुरू र मध्यमा एक-दुई स्थानमा भारी वर्षा र मध्यमा थोरै स्थानमा भारी वर्षाको सम्भावना |
| **गण्डकी प्रदेश** | हिमाल/ उच्च पहाड | मध्यम/ भारी हिमपात/वर्षा | उल्लेखनिय परिवर्तन नहुने | उल्लेखनिय परिवर्तन नहुने | साधारणतया बादलदेखि अधिकांश बादल | | साताको सुरूमा केही स्थानमा र मध्य र अन्त्यमा धेरै स्थानमा मध्यमसम्मको वर्षा/हिमपातको सम्भावना, साताको सुरू र अन्त्यमा एक-दुई स्थानमा र मध्यमा थोरै स्थानमा भारी वर्षा/हिमपातको सम्भावना |
| | पहाड | मध्यम/ भारीदेखि धेरै भारी वर्षा | उल्लेखनिय परिवर्तन नहुने | उल्लेखनिय परिवर्तन नहुने | साधारणतया बादलदेखि अधिकांश बादल | मेघगर्जन/चट्याङ | धेरै स्थानमा मध्यमसम्मको वर्षाको सम्भावना, साताको सुरू र अन्त्यमा थोरै स्थानमा भारी वर्षा र मध्यमा थोरै स्थानमा भारीदेखि धेरै भारी वर्षाको सम्भावना |
| | तराई | मध्यम/ भारीदेखि धेरै भारी वर्षा | उल्लेखनिय परिवर्तन नहुने | उल्लेखनिय परिवर्तन नहुने | साधारणतया बादल | मेघगर्जन/चट्याङ | साताको सुरू र अन्त्यमा केही स्थानमा र मध्यमा धेरै स्थानमा मध्यमसम्मको वर्षाको सम्भावना, साताको सुरू र मध्यमा एक-दुई स्थानमा भारी वर्षा र मध्यमा थोरै स्थानमा भारी वर्षाको सम्भावना |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **लुम्बिनी प्रदेश** | हिमाल/ उच्च पहाड | मध्यम हिमपात/वर्षा | उल्लेखनिय परिवर्तन नहुने | उल्लेखनिय परिवर्तन नहुने | साधारणतया बादलदेखि अधिकांश बादल | | साताको सुरूमा केही स्थानमा र मध्य र अन्त्यमा धेरै स्थानमा मध्यमसम्मको वर्षा/हिमपातको सम्भावना, साताको मध्यमा एक-दुई स्थानमा भारी वर्षाको सम्भावना |
| | पहाड | मध्यम/ भारीदेखि धेरै भारी वर्षा | उल्लेखनिय परिवर्तन नहुने | उल्लेखनिय परिवर्तन नहुने | साधारणतया बादलदेखि अधिकांश बादल | मेघगर्जन/चट्याङ | धेरै स्थानमा मध्यमसम्मको वर्षाको सम्भावना, साताको सुरू र अन्त्यमा थोरै स्थानमा भारी वर्षा र मध्यमा थोरै स्थानमा भारीदेखि धेरै भारी वर्षाको सम्भावना |
| | तराई | मध्यम/ भारीदेखि धेरै भारी वर्षा | उल्लेखनिय परिवर्तन नहुने | उल्लेखनिय परिवर्तन नहुने | आंशिकदेखि साधारणतया बादल | मेघगर्जन/चट्याङ | साताको सुरू र अन्त्यमा केही स्थानमा र मध्यमा धेरै स्थानमा मध्यमसम्मको वर्षाको सम्भावना, साताको सुरू र मध्यमा एक-दुई स्थानमा भारी वर्षा र मध्यमा थोरै स्थानमा भारी वर्षाको सम्भावना |
| **कर्णाली प्रदेश** | हिमाल/ उच्च पहाड | मध्यम हिमपात/वर्षा | उल्लेखनिय परिवर्तन नहुने | उल्लेखनिय परिवर्तन नहुने | साधारणतया बादलदेखि अधिकांश बादल | | केही स्थानमा मध्यमसम्मको वर्षा/हिमपातको सम्भावना, साताको मध्यमा एक-दुई स्थानमा भारी वर्षाको सम्भावना |
| | पहाड | मध्यम/ भारी वर्षा | उल्लेखनिय परिवर्तन नहुने | उल्लेखनिय परिवर्तन नहुने | साधारणतया बादलदेखि अधिकांश बादल | मेघगर्जन/चट्याङ | साताको सुरूमा केही स्थानमा तथा मध्य र अन्त्यमा धेरै स्थानमा मध्यमसम्मको वर्षाको सम्भावना, साताको मध्य र अन्त्यमा एक-दुई स्थानमा भारी वर्षाको सम्भावना |
| **सुदूरपश्चिम प्रदेश** | हिमाल/ उच्च पहाड | मध्यम हिमपात/वर्षा | उल्लेखनिय परिवर्तन नहुने | उल्लेखनिय परिवर्तन नहुने | साधारणतया बादलदेखि अधिकांश बादल | | केही स्थानमा मध्यमसम्मको वर्षा/हिमपातको सम्भावना, साताको मध्य र अन्त्यमा एक-दुई स्थानमा भारी वर्षाको सम्भावना |
| | पहाड | मध्यम/ भारी वर्षा | उल्लेखनिय परिवर्तन नहुने | उल्लेखनिय परिवर्तन नहुने | साधारणतया बादलदेखि अधिकांश बादल | मेघगर्जन/चट्याङ | साताको सुरूमा केही स्थानमा तथा मध्य र अन्त्यमा धेरै स्थानमा मध्यमसम्मको वर्षाको सम्भावना, साताको सुरू र अन्त्यमा एक-दुई स्थानमा र मध्यमा थोरै स्थानमा भारी वर्षाको सम्भावना |
| | तराई | मध्यम/ भारी वर्षा | उल्लेखनिय परिवर्तन नहुने | उल्लेखनिय परिवर्तन नहुने | साधारणतया बादल | मेघगर्जन/चट्याङ | साताको सुरूमा केही स्थानमा तथा मध्य र अन्त्यमा धेरै स्थानमा मध्यमसम्मको वर्षाको सम्भावना, साताको अन्त्यमा एक-दुई स्थानमा र मध्यमा थोरै स्थानमा भारी वर्षाको सम्भावना |

*नोटः साताको सुरूले शुक्रबार र शनिबार, साताको मध्यले आइतबार, सोमबार र मंगलबार तथा साताको अन्त्यले बुधबार र बिहीबारलाई जनाउँछ। मौसम पूर्वानुमानसम्बन्धी विस्तृत जानकारीको लागि हरेक दिन बिहान ६ बजे र बेलुका ६ बजे अध्यावधिक हुने महाशाखाको वेबसाइट http://www.dhm.gov.np/mfd हेर्नुहोस्।*

# कृषि सल्लाह

## खाद्यान्नबाली

- भारी देखि धेरै भारी वर्षाको सम्भावना रहेका स्थानहरूमा मकैबाली, तरकारी तथा फलफूल बगैंचा लगायत प्लास्टिक घर, पशुपन्छीका खोर-गोठहरू वरिपरि पानी जम्न नदिन निकासको उचित प्रबन्ध गर्नुहोस्।
- राइस ट्रान्सप्लान्टरबाट धान रोप्नका लागि बेर्ना तयारी गर्दा विशेष ध्यान दिनुहोस्। यसबारे विस्तृत जानकारी अनुसूची-२ मा दिइएको छ।
- धानबालीमा हरियो मलको रुपमा तयार भएको ढैंचा काटी माटोमा मिलाउनुहोस्।

- धानबालीमा हरियो मलको रूपमा तयार भएको एजोला २० केजी प्रतिकठ्ठा वा ३० केजी प्रतिरोपनीका दरले प्रयोग गर्नुहोस्। एजोला वृद्धिको लागि कम्तीमा १० दिनसम्म धानखेतमा पानीको गहिराइ ५-१० सेमी कायम गर्नुहोस्, साथै खेतबाट पानी तथा एजोला बगेर जान नदिनुहोस्।
- २१-२५ दिन भैसकेको धानको बेर्ना प्रतिरोपो २-३ वटाको दरले रोप्न सुरू गर्नुहोस्। हारदेखि हार २० सेन्टिमिटर र रोपो देखी रोपो १५ सेन्टिमिटर दूरीमा र सूचीकृत गरिएका बर्णशंकर धान १ गोटा बेर्नाको दरले हारदेखि हार २० सेन्टिमिटर र रोपोदेखि रोपो २० सेन्टिमिटर दूरीमा रोप्नुहोस्।
- धानबालीमा मलखाद व्यवस्थापनको लागि नेपाल कृषि अनुसन्धान परिषदबाट अध्यावधिक गरिएको सिफारिस मात्रा (अनुसूची-३) अनुसार प्रयोग गर्नुहोस्।
- रोपेको धानबालीमा झारपात व्यवस्थापनको लागि प्रेटिलाक्लोर (Pretilachlor 50% EC) २५ लिटरमा पानीमा ५० एमएलको दरले एक रोपनीमा वा १७ लिटरमा पानीमा ३४ एमएलको दरले एक कठ्ठामा धानरोपेको ५ दिनभित्र खेतमा छिपछिपे पानी भएको अवस्थामा फ्लाट फेन नोजलको सहायताले मौसमको अवस्था हेरेर मात्र छर्कनुहोस्।
- सुख्खा छरुवा धानमा साथै रोपेको धानमा झारपात व्यवस्थापनको लागि बिस्पाइरिबेक (Bispyribac Sodium 10 % SC) २५ लिटर पानीमा १२ एमएलको दरले एक रोपनीमा वा १७ लिटर पानीमा ८ एमएलको दरले एक कठ्ठामा धान छरेको १५-२५ दिनभित्र माटोमा छिपछिपे पानी भएको अवस्थामा फ्लाट फ्यान नोजलको प्रयोगले स्प्रे गर्नुहोस्।
- लाईनमा लगाईएको धान गोडमेल गर्न कोनो वीडर प्रयोग गर्नुहोस्।
- धानखेतमा गुबो मर्ने समस्या हुने भएकोले नियमित अनुगमन गर्नुहोस्। खेतमा ५% मृत गुवा वा प्रतिमिटर कीराको फुलको एउटा झुण्ड वा प्रतिमिटर एउटा बयस्क कीरा भएमा मात्र व्यवस्थापनका विधिहरू अपनाउनुहोस्। वयष्क गबारो कीरा साँझको समयमा खेतमा वा राति बत्तीको आसपास देखिन्छ; यिनीहरूले पातको टुप्पोको तल्लो भागमा अण्डा पार्ने भएकोले अवलोकन गरी नष्ट गर्नुहोस्।



चित्रः धानबालीमा फेद कुहिने रोग

- धान रोपेको २-३ हप्तापछि खेतमा निरन्तर पानी जमेको अवस्थामा धानबालीमा फेद कुहिने रोग लाग्ने हुनाले नियमित अवलोकन गर्नुहोस्। नियन्त्रणको लागि रोगी बोटहरू उखेलेर नष्ट गर्नुहोस्। प्रकोप ज्यादा देखिएमा खेतमा जमेको पानी निकास गरेपछि २ ग्राम बेभिष्टिन प्रतिलिटर पानीमा मिसाइ ८-१० दिनको फरकमा २-३ पटक बोट भिज्नेगरी छर्कनुहोस्।
- २५-३० दिन भैसकेका कोदोका बेर्ना रोप्नुहोस्।
- भटमास बालीको जरा कुहिने रोग व्यवस्थापनको लागि पानी निकासको उचित व्यवस्था गर्नुहोस्। साथै, रोग देखिएमा कार्वेन्डाजिमयुक्त विषादी २ ग्राम प्रतिलिटर पानीको दरले ड्रेन्चिङ गर्नुहोस्।




चित्रः भटमास बालीमा जरा कुहिने रोग

## फलफूलबाली

- मनसुनी वर्षाको समय भएकोले सबै फलफूलका बगैंचामा सरसफाइ र झारपात व्यवस्थापनका साथै पानी निकासको उचित व्यवस्था गर्नुहोस्।
- सबै किसिमका फलफूल तथा तरकारी बालीहरूमा विषादी राख्नैपर्ने भएमा मौसमको अवस्था हेरेर (कडा घाम लागेको, धेरै हावा लागेको, पानी परिरहेको बेला नपारी) मात्र विषादी छर्कनुहोस्। वर्षातको समयमा विषादी छर्कनै पर्ने भएमा स्टिकर मिसाएर मात्र प्रयोग गर्नुहोस्। साथै विषादी छर्कंदा विशेष सावधानी अपनाउनुहोस्।
- फलफूल बालीका नर्सरीहरूमा कलमी गरिएको भागभन्दा तलबाट आएका चोर हाँगाहरू काँटछाँट गर्नुहोस्।
- आरु, आरुवखडा, खुर्पानीमा पानी नपरेको दिनमा ईन-सिटु चिप बडिङ्ग गरी ०.५ प्रतिशतको बोर्डो मिश्रण छर्कनुहोस्।

### आँपमा स्टोन/इपिकोटायल ग्राफ्टिङ्ग गर्ने तरिका



चित्र: स्टोन/इपिकोटायल ग्राफ्टिङ्ग गर्ने तरिका

यो तरिकामा स्थानीय जातका आँपका कोयालाई नर्सरी व्याडमा उमारिन्छ। बेर्ना उम्रिएको १०-१५ दिन भित्रमा पातको रंग तामाको जस्तो भएको हुन्छ र पूरा आकार लिइसकेको हुदैन। यस्तो उमेरमा बेर्ना कोया सहित उखेलिन्छ र १५ से.मी. उचाई र १० से.मी. व्यासको पोलिव्यागमा सारिन्छ। ८-१० से.मी लामो, स्वस्थ, २-३ महिना पुरानो, ३-४ आँख्ला भएको सायनलाई ग्राफ्टिङ्ग गर्नु भन्दा ७ दिन अघि नै पातहरू हटाइ तयार गर्नुहोस्। ग्राफ्टिङ्ग गर्ने दिनमा माउ बोटबाट सायनलाई काटेर त्याई तल्लो टुप्पोमा ३-४ से.मी लामो हलोको फाली आकार हुने गरि काट्नुहोस्। रुटस्टकको करिब ८-१० से.मी. उचाईबाट काटेर टुप्पा हटाउनुहोस्। यसरी छुट्याइएको रुटस्टकको टुप्पाको माझबाट लाग्ने चक्कुले ३-४ से.मी लामो V आकारको चिरा हुने गरी काट्नुहोस्। सायनलाई रुटस्टकको टुप्पामा बनाइएको चिरामा घुसारेर ३ से.मी. जति चौडा प्लाष्टिकको टेपले पानी नछिर्ने गरि बाँध्नुहोस्। यसरी तयार गरिएको कलमी विरुवालाई ८०-९० प्रतिशत आर्द्रता कायम हुने गरि बेला बेलामा पानी छर्कि छायाँदार ठाँउमा हुर्काउनुहोस्। १ महिनाभित्र जोडिएको कलमीको आँख्लाबाट टुसा आउन थाल्दछ। यसरी तयार भएको बेर्नालाई अर्को वर्षको वर्षायाममा सार्नुहोस्।


**चित्रः सुन्तलाको बोटमा धुले ढुसीको असर**

- सुन्तलाजात बाली तथा हलुवाबेदको जरा कुहिने समस्याको व्यवस्थापनको लागि कार्बेन्डाजिमयुक्त विषादी २ ग्राम प्रतिलिटर पानीमा घोली १२-१५ दिनको फरकमा बोटको पुरै जरा भिज्नेगरी २-३ पटक ड्रेन्चिङ गर्नुहोस्।
- सुन्तलाजात फलफूलमा लाग्ने धुले ढुसी रोग (Powdery mildew) को व्यवस्थापनको लागि रोगग्रस्त हाँगाहरू काँटछाँट गरी वगैंचाको सरसफाइ गर्नुहोस्।
- सुन्तलाजात फलफूल बालीहरूमा पात खन्ने (Leaf miner) कीराको नोक्सानी कम गर्न ४ भाग पानीमा गाईको गहुँत वा निमको पातको झोल १ भाग मिसाइ ५ दिनको फरकमा ३ पटक छर्नुहोस्। साथै व्यावसायिक खेती गर्ने कृषकहरूले रोगर इमामेक्टिन बेन्जोएट ५% एसजी, ०.४ ग्राम प्रतिलिटर पानीमा घोलेर ७ दिनको फरकमा ३ पटक छर्कनुहोस्।
- सुन्तलाजात (जुनार, निबुवा, भोगटे, सुन्तला) फलफूलमा फल कुहाउने औंसा कीरा (चिनिया औंसाकीरा, Bactrocera minax) ले मसिना फलहरूमा फुल पार्न अनुकूल वातावरण भएकोले कीरा व्यवस्थापनको लागि १ भाग प्रोटीन बेटलाई २ भाग पानीमा मिसाइ प्रत्येक ३ बोटमध्ये १ बोटमा पातको तल्लोपट्टि ५० वर्ग सेमी क्षेत्रफलमा पर्नेगरी साउन महिनासम्म १० दिनको फरकमा छर्कनुहोस्।

- यस समयमा केरामा प्रशस्त नयाँ कोथा आउने भएकोले नियमित अवलोकन गरी हरेक झाङमा २ वटा कोथा मात्र राखी बाँकी कोथा हटाउनुहोस्।
- केराको गानो कुहिने रोग लाग्न नदिन केरा खेती गरेको जग्गामा पानी निकासको उचित व्यवस्था गर्नुहोस्। साथै रोग व्यवस्थापनको लागि कार्बेन्डाजिमयुक्त विषादी १ लिटर पानीमा २ ग्राम घोली बोटको फेद भिज्नेगरी ड्रेन्चिङ गर्नुहोस्।
- केराको कोसालाई नोक्सानी गर्ने कोत्रे कीरा व्यवस्थापनको लागि गहुँत (१ भाग गहुँत र ४ भाग पानीमा मिसाएको झोल) वा नीमजन्य विषादी ५ एमएल प्रतिलिटर पानीमा मिसाइ छर्कनुहोस्। नोक्सानी धेरै भएमा साइपरमेथ्रिन (१०% ईसी) २ एमएल प्रतिलिटर पानीमा मिसाएर सात दिनको फरकमा ३ पटकसम्म केराको थाम भिज्नेगरी छर्कनुहोस्।
- स्याउमा लाग्ने कत्ले (स्यानजोस) कीरा व्यवस्थापनको लागि १% को बोर्डो मिश्रण (१० ग्राम नीलोतुथो र १० ग्राम चुन प्रतिलिटर पानी) बोट भिज्नेगरी छर्कनुहोस्। प्रकोप बढी भएमा चोर हाँगाहरू हटाइ खनिज तेल ५ एमएल प्रतिलिटर पानीमा मिसाइ बोट भिज्नेगरी छर्कनुहोस्।
- स्याउको बोक्रा खुइलिने रोग (Papery bark disease) को व्यवस्थापनको लागि हिउँदको समय, जेठ तथा साउनमा पुरै बोट भिज्नेगरी १% को बोर्डो मिश्रण छर्कनुहोस्। रोगी हाँगा, काँटछाँट गर्दा बनेका घाउ र बोटको काण्डमा बोर्डोपेष्ट (१०० ग्राम नीलोतुथो तथा १०० ग्राम चुन प्रतिलिटर पानी) बनाइ लगाउनुहोस्।



चित्रः केराको गानो कुहिने रोग

- स्याउमा लाग्ने धूले ढुसी रोग (Powdery mildew) को व्यवस्थापनको लागि चोर हाँगाहरू काँटछाँट गरी बगैंचाको सरसफाइ गर्नुहोस्। डाउनोक्याप (४८% इ सी) ३ एमएल प्रतिलिटर पानीमा मिसाएर छर्कनुहोस् अथवा लाइम सल्फर (२२% एस सी) २ ग्राम प्रतिलिटर पानीमा मिसाइ छर्कनुहोस्।
- स्याउको जरा कुहिने रोग व्यवस्थापनको लागि बगैंचा तथा नर्सरीमा पानी जम्न नदिनुहोस्। जरा कुहिएको संकास्पद बोटको वरिपरि १% को बोर्डो मिश्रणको झोल बनाइ ड्रेन्चिङ गर्नुहोस् तथा ट्राइकोडर्मा २ ग्राम प्रतिलिटर पानीमा मिसाइ स्प्रे गर्नुहोस्।

### कफीबाली

- कफी नर्सरीमा ०.५ प्रतिशतको बोर्डोमिश्रण बनाई पातको भित्र बाहिर एकनासले पर्नेगरी छर्कनुहोस्।
- नयाँ कफी रोपणको लागि कम्तीमा ६ जोडी पात भएका स्वस्थ्य कफीको बिरूवा छनोट गरी १.५ फिट गहिराइ र चौडाइ भएको खाडलमा माथिल्लो तहको माटो र मल मिलाएर खाडल भरी बेर्ना सार्नुहोस् र अस्थायी छहारी दिनुहोस्।

## तरकारीबाली

- झरी पर्ने समय भएकोले तरकारी बालीका बेर्नालाई जोगाउन खर, पराल वा प्लाष्टिकको छानो राख्नुहोस्।
- मध्यपहाडमा भदौमा लगाउने आलुबालीका लागि खुमल सेतो-३, खुमल रातो-४, कुफ्रिज्योती, डेजिरे, जनकदेव, खुमल उज्ज्वल, खुमल उपहार, खुमल विकासमध्ये उपलब्ध जातको स्वस्थ बीउ भरपर्दो स्रोतबाट व्यवस्था गर्नुहोस्।
- उच्च पहाडमा लगाएको आलुबालीमा पानी निकासको व्यवस्था गर्नुहोस्। परिपक्क भइसकेको आलु मौसमको अवस्था हेरी खन्नुहोस्।
- खनेको आलुलाई अँध्यारो, सुख्खा र चिसो (१०-१५°C) ठाउँमा काठका बाकस, प्लाष्टिकका क्रेट वा र्‍याकमा फिंजाएर ३ तहसम्म मिलाएर दुई हप्तासम्म राख्नुहोस्। यसरी राख्दा दुई तहको बीचमा पत्रिका ओछ्याएर राख्नुहोस्। बोक्रा बाक्लो भएका, राम्रोसँग ओभाएका, चोटपटक नलागेका, नकुहिएका र रोग नलागेका, २५ देखि ५० ग्राम तौल भएका आलुका दानालाइ बीउको रूपमा छनोट गर्नुहोस्।

- स्थानीयरुपमा घरमा नै भण्डारण गरेको आलुलाई पुतलीको नोक्सानीबाट जोगाउन बोझोको गानोको धूलो २ ग्राम प्रतिकेजी आलुका दरले मिसाएर भण्डारण गर्नुहोस्।
- मध्यपहाडी जिल्लाहरूमा सिमी र बोडीको बीउ उत्पादनका लागि सिफारिस गरिएका जातका बीउहरू मौसमको अवस्था हेरी रोप्न सुरू गर्नुहोस्।
- सिमीबालीमा सिंदूरे रोग व्यवस्थापनको लागि सुरूवाती अवस्थामा प्रकोप देखिएका पातहरू हटाई जलाउने र प्रकोप धेरै भएमा प्रोपिकोनाजोल (Tilt) २ ग्राम प्रति लिटर पानीमा घोलेर बोट भिज्नेगरि ८-१० दिनको फरकमा २-३ पटक छर्कनुहोस्।



चित्रः सिमी बालीमा सिंदूरे रोग

- मध्यपहाडी जिल्लाहरूमा काउलीका अगौटे जातहरूः सिल्भर कप ६०, ह्वाइट टप, सुपर ह्वाइट टप, तराई १ र तराई २ तथा खुमल ज्यापू काउलीको नर्सरी राख्नुहोस्। ब्याड राख्ने जग्गामा बेभिष्टीन ६ ग्राम प्रतिलिटर पानीमा मिसाइ बीउ राख्नु ३-४ दिन अगाडि माटोको उपचार गर्नुहोस्। नर्सरी राख्दा १ वित्ता (१५-२० सेमी) अग्लो ब्याड बनाइ ४ अँगुलको फरकमा लाइन कोरेर पातलो गरी बीउ राखी हल्का माटोले पुरेपछि छापो राख्नुहोस्। झरी पर्ने समय भएकोले बेर्नालाई जोगाउन नर्सरीमा खर, पराल वा प्लाष्टिकको छानो राख्नुहोस्।



चित्रः तराई काउली-१

- सेटबाट बेमौसमी प्याज उत्पादन गर्न २ सेमी व्यास भएको प्याजको सेट एक लाइनदेखि अर्को लाइनको दूरी १५ सेमी र एक बोटदेखि अर्को बोटको दूरी १५ सेमी हुनेगरी रोप्नुहोस्।
- खुर्सानी बालीमा फाईटोप्थोरा ढुसीको कारण बोट ओइलाउने रोग लागेमा पानी निकासको उचित प्रवन्ध गर्नुहोस्, रोगी बोटहरू हटाउनुहोस्। प्रकोप भएमा कपरयुक्त विषादी २ ग्राम प्रतिलिटर पानीमा मिसाइ ७ पटक जरा र वरिपरिको ३-२ फरकमा १०- माटो भिज्नेगरि ड्रेन्चिङ गर्नुहोस्।
- खुर्सानीमा भाइरस रोग लागेमा रोगी बोट हटाइ बाँकी बोटहरूमा भिर्कोन एच झोल १ एमएल प्रतिलिटर पानीमा मिसाइ छर्कनुहोस्।
- भण्टाको डाँठ तथा फलको गबारो व्यवस्थापनको लागि गवारोको कारण ओईलिएको मुन्टा, पात तथा फल टिपी नष्ट गर्नुहोस्। क्लोरानट्रानिलिप्रोल १८.५ एससी, ०.३ अथवा स्पिनोस्याड ४५% एस.सी., ०.३ एमएल प्रति लिटर पानीमा मिसाइ छर्कनुहोस्।
- प्लाष्टिक घरमा खेती गरिएको गोलभेंडामा पात खन्ने कीरा (Tuta absoluta) को उपस्थिति पत्ता लगाउन फेरोमोन ट्र्याप वा स्टिकी ट्र्याप प्रतिरोपनी २ वटाको दरले राख्नुहोस्। बत्तीको पासोको प्रयोग गरी वयस्क कीराहरू संकलन नष्ट गर्नुहोस्। कीरा लागेको सुरुको अवस्थामा ब्यासिलस थुरिन्जीनेसिस २ ग्राम प्रतिलिटर पानीमा घोलेर साँझपख बोट भिज्नेगरी छर्कनुहोस्। कीराबाट नोक्सानी धेरै भएको अवस्थामा क्लोरएन्ट्रानिलिप्रोल (Chlorantraniliprole 18.5 % SC) वा स्पिनोसाड (Spinosad 45% SC) ०.३५ एमएल प्रतिलिटर पानीमा घोलेर छर्नुहोस्। एउटै विषादी निरन्तर प्रयोग नगरी आलोपालो प्रयोग गर्नुहोस्।
- गोलभेंडामा अगौटे डढुवा रोग फैलिन नदिन रोगग्रस्त बोटहरू काँटछाँट गरी हावा खेल्ने ठाउँ बनाउनुहोस्। रोगी हाँगा र पातहरू टिपेर उचित व्यवस्थापन गर्नुका साथै साफ विषादी तथा सेक्टिन (Sectin-60WG) विषादी आलोपालो गरी हप्ता दिनको फरकमा २ एमएल पानीको घोलमा मिसाएर २-३ पटकसम्म सम्पूर्ण बोटहरू भिज्नेगरी छर्केर उपचार गर्नुहोस्।


चित्रः गोलभेंडाको अगौटे डढुवा रोग

## अन्य

- अदुवा र अलैंची बालीको गानो कुहिने रोगको प्रकोप व्यवस्थापनको लागि कार्बेन्डाजिमयुक्त विषादी १ लिटर पानीमा २ ग्राम घोली बोटको फेद भिज्नेगरी ड्रेन्चिङ गर्नुहोस्।
- फागुन-चैतमा लगाइएको अदुवा बालीको गानो (बुढी) निकाल्नुहोस्।
- वर्षातको समयमा मौरी घारमा खाना (मह र पराग) छ, छैन नियमित अनुगमन गर्नुहोस्। यो समयमा मौरीलाई चरन कम हुने भएकोले चिनी चास्नी बनाएर खुवाउनुहोस्। साथै कमिलाको नोक्सानीबाट जोगाउन घार राखेको स्ट्यान्डको सबै खुट्टाहरूमा कचौरा/प्लास्टिकको बट्टामा पानी राख्नुहोस्।
- मौरी घारमा रोग, सुलसुले र रानु भए नभएको नियमित अवलोकन गर्नुहोस्। तापक्रम र आर्द्रतामा घटबढ भइरहँदा मौरीको छाउरामा कुहिने रोग (Foul brood disease) लाग्ने सम्भावना हुने भएकोले मौरी घारको नियमित अनुगमन गर्नुहोस्।
- यस मौसममा शंखे (चित्र-क) तथा चिप्ले कीरा (चित्र-ख) हरूले नेपालको तराई तथा पहाडी क्षेत्रमा तरकारी बाली तथा फलफुलका बिरुवामा निकै क्षति पुर्यांउने गरेको छ। यिनीहरू मध्य बैशाखदेखि देखिन थाल्ने, असार-श्रावणमा संख्यामा वृद्धि भई अत्याधिक क्रियाशील हुने र मध्य भाद्रबाट हराएर जाने पाईएको छ।



चित्र-कः शंखे कीरा



चित्र-खः चिप्ले कीरा



चित्र-गः जुनकिरीको लार्भा

## पशुपालन

### गाई, भैंसी, भेडा, बाख्रा

- वर्षातको समयमा भेडाबाख्राहरूमा निमोनिया र छेर्ने समस्या देखिने हुदाँ भेडाबाख्राहरूलाई पानीमा भिज्न नदिनुहोस् र खुला चरनमा नछोड्नुहोस्। लगातार वर्षा भएको अवस्थामा खुला चरनभन्दा घाँस काटेर खुवाउने गर्नुहोस्।
- भारी वर्षाले गर्दा हुने बाढीमा मुसाको मुत्रबाट मानिसमा सर्ने लेप्टोस्पाइरोसिस नामक जुनोटिक रोगको प्रकोप बढी हुने भएकाले धान/खेतबारीमा बुट लगाएर मात्र जानुहोस्।
- वर्षातको समय भएकोले गाई-भैंसीहरूमा भ्यागुते रोग (पशुलाई सास फेर्न गाह्रो भएर भ्यागुता कराएको जस्तै आवाज निस्कन्छ) देखा पर्न सक्दछ। प्रायःगरी तीक्ष्ण लक्षणहरूमा मुख्यतः ८-२४ घण्टाभित्रै गाई-भैंसी मर्ने भएकोले जतिसक्दो छिटो नजिकैको पशु सेवा कार्यालय वा भेटेरिनरी सेवा केन्द्रमा सम्पर्क राख्नुहोस्।
- वर्षातको समयमा पशुचौपायाको खुट्टाको कापमा घाउ हुने, पाक्ने, औंसा पर्ने, खुर कुहिने आदि समस्या देखिनसक्ने हुँदा पशुचौपायाको हिँडडुल, चाल आदिको राम्रो निरीक्षण गरी समयमै भेटेरिनरी प्राविधिकसँग सम्पर्क राख्नुहोस्। साथै पशुचौपायालाई हिलो र ओसिलोबाट जोगाउनुहोस्।
- वर्षायाममा पशुचौपायामा पटके रोगको लक्षण देखिनासाथ नजिकैको पशु सेवा कार्यालयमा सम्पर्क गर्नुहोस्। पटके रोगका कारणले मरेका प पशुचौपायाहरूलाई नाङ्गो हातले नछुनुहोस् र चिरफार पनि नगर्नुहोस्। यो रोग मानिसलाई पनि सर्न सक्ने भएकोले निकै सावधानी अपनाउनुहोस्। पटके रोग लागेर मरेको पशुचौपाया, तिनीहरूमा प्रयोग गरिएका सोत्तर सामग्री र आहारा राम्रोसँग नष्ट गर्नुहोस्।

- वर्षातको समयमा पशुचौपायालाइ महामारी रोगहरूबाट बचाउन सफा पानी र सुरक्षित दाना दिनुहोस्।
- पशुचौपायाको दानालाई ओसबाट जोगाउन त्रिपाल वा प्लास्टिकको प्रयोग गरी जमिनभन्दा अलि माथि काठको फल्याक ओछ्याइ भण्डारण गर्नुहोस्।
- शंखेकीराको प्रकोप भएको, पानी जमेको ठाउँमा अथवा सिमसार क्षेत्रमा पशुचौपायालाइ चराउन लैजानु हुँदैन। ती ठाउँका घाँसपात पशुचौपायाले खाँदा नाम्ले रोग लाग्न सक्दछ। तसर्थ पशुचौपायालाई घाँस खुवाउनुअघि घाममा ओइलाएर मात्र खुवाउनुहोस्।
- वर्षातको समयमा खोर र गोठ वरिपरि पानी जम्ने, झाडी बढ्ने र दुलोहरूमा पानी भरिने हुनाले सर्पहरू सुरक्षित ओत खोज्दै गोठभित्र पस्ने सम्भावना निकै उच्च हुन्छ। यस्तो बेला पशुचौपायालाई सर्पदंशबाट जोगाउन गोठको बाहिरी भागमा वा कुनाकाप्चामा कार्बोलिक एसिड वा कडा गन्ध आउने फिनाइल छर्कनुहोस्। साथै गोठको वरपर बाबरी (Mint), कागती, वा मरिचजस्ता कडा गन्ध आउने बिरुवाहरू रोप्नुहोस्।
- भेडाबाख्राको खोर वरपर पानी जम्न नदिनुहोस्। खोर वरपरको हिलोले खुर कुहिने, थुनेलो हुने र छालामा संक्रमण हुने जस्ता समस्या देखिन्छ।



चित्रः खोर वरपर जमेको हिलो

## कुखुरा, हाँस, बंगुर

- कुखुराहरूमा कक्सिडियोसिस रोगको लागि आगामी साताको मौसम अनुकूल रहेकोले खोरमा सोत्तर हिलो भए-नभएको ख्याल राखी कुखुराहरूले रातो छेरेमा एम्प्रोलियम २ ग्राम १ लिटर पानीमा घोली ५ दिनसम्म खान दिनुहोस्।
- वर्षातको समयमा कुखुराको खोरभित्र पानी पस्न नदिन जालीबाहिर प्लास्टिकले ढाक्ने व्यवस्था गर्नुहोस्। खोरमा भिजेको मल तुरुन्त हटाइ ओभानो भुस राख्नुहोस्। खोरमा २०-२५° सेल्सियस तापक्रमको व्यवस्था गर्नुहोस् र पानीलाई निर्मलीकरण गरी खुवाउनुहोस्।
- कुखुरा र टर्कीहरूमा बाह्य परजीविको समस्या देखिएमा यसको उपचार तथा नियन्त्रणका लागि बुटोक्स ३ एमएल प्रतिलिटर पानीका दरले मिसाइ खोरको भित्र-बाहिर सबै स्थानमा राम्रोसँग भिज्नेगरी स्प्रे गर्नुहोस्।
- हाल सुँगुर/बंगुरहरूमा अफ्रिकन स्वाइन फिभरको जोखिम रहेको र हाँस, कुखुरामा वर्डफ्लु फैलिरहेको हुँदा फार्महरूमा जैविक सुरक्षाका विधिहरू (अनुसूची-४) अपनाउनुहोस्। यी रोगका लक्षण देखिएमा नजिकैको पशु सेवा कार्यालयमा सम्पर्क गर्नुहोस्।



चित्रः बंगुरमा अफ्रिकन स्वाइन फिभर रोग

- दिउँसोको तापक्रम ३० डिग्री सेल्सियसभन्दा माथि पुग्ने ठाउँहरूमा पालिएका कुखुराहरूले दाना कम खाने, अन्डाको तौल घट्ने र अन्डाको गुणस्तरमा समेत ह्रास आउने भएकोले खोरको तापक्रम १८-२५ डिग्री सेल्सियस कायम हुनेगरी व्यवस्थापन गर्नुहोस्।

## मत्स्यपालन

- भारीदेखि धेरै भारी वर्षाको सम्भावना रहेका स्थानहरूका माछापोखरीमा धमिलो पानी मिसिन नदिनुहोस्। साथै, माछा बगेर जान नदिन निकासद्वारमा माछाको साइज अनुसारको जाली लगाउनुहोस्।
- माछापोखरीमा मलको मात्रा उपयुक्त हुँदा पानीको पारदर्शिता २५-४० सेमीको बीचमा हुन्छ। मलको मात्रा बढी भएमा पानीको पारदर्शिता २० सेमीभन्दा कम हुन्छ। पानीको पारदर्शिता ४० सेमीभन्दा बढी भएमा मलको मात्रा कम भएको बुझिन्छ। यस्तो

अवस्थामा माछापोखरीमा १५ दिनको फरकमा १०-१५ केजी कम्पोष्ट राख्नुहोस्। यसका अतिरिक्त ७०० ग्राम युरिया र ५०० ग्राम डिएपी प्रतिकठ्ठाका दरले पानीमा घोलेर पोखरीको सबैतिर पर्नेगरी ७ दिनको फरकमा राख्नुहोस्।

- रहू, नैनी तथा भाकुर जातका माछाको प्रजनन् समय भएको हुँदा हरेक हप्ता माउपोखरीबाट परिपक्व माछा छनौट गरी करिब २४ घण्टा होल्डिङ्ग टयाङ्कीमा अनुकूलन गरी प्रजनन् गराउनुहोस्।
- पंगास माछाको प्रजनन् समयमा जनेनन्द्रियको आधारमा प्रतिहप्ता माउपोखरीबाट छनौट गरी करीब २४ घण्टा होल्डिङ्ग टयाङ्कीमा अनुकूलन गराई प्रजनन् गराउनुहोस्। शारीरिक तौलका आधारमा ओभाटाइड हर्मोन छनौट गरी भाले र पोथी माउ माछालाई क्रमशः ०.३ र ०.६ मिलिलिटर प्रतिकेजीका दरले दिई पोथीको दोब्बर संख्यामा भाले हुनेगरी स्पनिंगका लागि छाड्नुहोस्। ह्याचरीको पानीको तापक्रम २४-२६ डिग्री सेल्सियस भएको अवस्थामा १२-१६ घण्टापछि अण्डालाई कृत्रिम निषेचन पूर्णतया सुख्खा बाटामा गर्नुहोस्। निषेचन भएको अन्डा २०-३० घण्टापछि कोरलिन्छ।
- टिलापिया माछाको प्रजनन् समय भएको हुँदा एक लिंगीय टिलापिया उत्पादक ह्याचरी कृषकहरूले आवश्यक टिलापिया ब्रुड (२००-३०० ग्राम) छनौट गरेर प्रजनन् पोखरीमा हापामा सेटिंग गरी प्रतिवर्गमिटर तीन गोटा माछाका दरले स्टक गर्नुहोस्। प्रत्येक ४-५ दिनमा पोथी माउको मुखबाट अण्डा सङ्कलन गरी ह्याचिंग जारमा कोरल्नको लागि राख्नुहोस्। औसत २७-२९ डिग्री सेल्सियस पानीको तापक्रममा करिब ७०-९० घन्टामा अण्डावाट भुरा निस्कन थाल्छ। एक लिंगीय टिलापिया भुरा उत्पादन गर्न नाभी थैली सुकेपछि पौडिन सुरू गरेका भुरा प्रतिवर्गमिटर ६०००-७००० गोटाका दरले नर्सिंग हापामा स्टक गरी लागातर २१ दिनसम्म ६० एमजी एम.टि. हर्मोन प्रतिकिलोग्राम दानामा मिसाइ खुवाउनुहोस्।






- पोखरीमा उपलब्ध हुने प्राकृतिक आहाराको अधिकतम उपयोग गरी राम्रो आम्दानी लिन सातवटै प्रजातीका कार्प माछाका भुराहरू अनुसची-५ अनुसार अनुपात मिलाएर राख्नुहोस्।
- माछाका भुरा ढुवानीमा प्लास्टिक भित्रको पानीको तापक्रम बढ्न नदिन जुटको बोरा भिजाएर छोप्नुहोस्। सकेसम्म माछाका भुरा ढुवानी बिहान वा साँझपख गर्नुहोस्।
- कार्प माछाका ठुला भुरा तथा फिंगरलिंगको लागि सन्तुलित र २५ प्रतिशत प्रोटिन भएको दाना शारीरिक तौलको ४-५ प्रतिशतका दरले दैनिक दिनुहोस्। यसको लागि आवश्यक पर्ने दाना बनाउन चाहिने कच्चा पदार्थ र तिनीहरूको मिश्रण सँगैको तालिकामा छ।

| **कच्चा पदार्थ** | **मिश्रण प्रतिशतमा** | | |
|---|---|---|---|
| | नमुना दाना-१ | नमुना दाना-२ | नमुना दाना-३ |
| भुटेको भटमासको पिठो | २५ | ३७ | |
| तोरीको वा बदामको पिना | २५ | ३५ | |
| धानको ढुटो | ३५ | २६ | ६२ |
| भिटामिन र मिनरल प्रीमिक्स | १ | २ | २ |
| वनस्पति तेल | ७ | | |
| माछाको धूलो | ७ | | १९.३ |
| रेशम कीराको प्युपाको धूलो | | | ६.७ |
| गहुँ वा चामलको पिठो | | | ५ |
| बदामको तेल | | | ५ |

- माछालाई खुवाउने दानालाई सफा, ओभानो र सुख्खा तथा हावा खेल्ने कोठामा जुट वा प्लाष्टिकको बोरामा प्याक गरी काठको फल्याकमाथि राखी भण्डारण गर्नुहोस्। चिसो ठाँउमा भण्डारण गरेको दानामा ढुसीको संक्रमण हुनसक्ने र यस्तो दाना खुवाउँदा कलेजो सुन्निने रोग (हेपाटोमा) लाग्नसक्ने भएकोले बेला-बेलामा निरीक्षण गर्नुहोस्।

- माछापालन गर्ने कृषकहरूले व्यवसायमा हुने जोखिम कम गर्न बीमा गर्नुहोस्। थप जानकारीको लागि नजिकैको गाउँपालिका, नगरपालिका र सम्बन्धित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा सम्पर्क गर्नुहोस्।

## घाँसेबाली

- लगातार वर्षाका कारण खेतमा पानी जम्न नदिन उचित निकासको व्यवस्था गर्नुहोस्।
- नेपियर, टियोसिन्टी, प्यारा घाँस तथा अन्य बहुवर्षीय घाँसहरू ४५-६० सेमी उचाइ पुगेपछि काट्नुहोस्।
- काटिएको हरियो घाँस खुला वर्षामा नराखी छाना भएको स्थानमा सुरक्षित राख्नुहोस्।
- पशुचौपायालाई सुख्खा समयमा पनि हरियो घाँस खुवाउनका लागि खेर गइरहेको, बाँझो तथा भिरालो जमिनमा बडहर, निबारो, टाँकी, कोइरालो, इपिल-इपिल, किम्बु, खन्यु, बेडुलो, पाखुरी, चुलेत्रो, दुधिलो, कुटमिरो, गोगनजस्ता डालेघाँसका बिरुवा सार्नुहोस्।
- वर्षेघाँस लगाउने उपयुक्त समय भएकोले निम्न अनुसारको घाँसेबालीहरू लगाउनुहोस्।

| घाँस | सिफारिस क्षेत्र | घाँसको जातहरू | बीउको मात्रा /हेक्टर | मलको मात्रा /हेक्टर | छर्ने तरिका |
|---|---|---|---|---|---|
| मकै | तराई तथा मध्यपहाड | मनकामना, देउती, अरुण | ३०-३५ केजी | ८०:६०:४० | लाइनमा अथवा हलोको पछाडि |
| जुनेलो | तराई तथा मध्यपहाड | एमपि चरी, स्थानीय, स्विस सरगम | २५-३० केजी | ८०:६०:४० | मकै छरेजस्तै गरी छर्ने |
| टियोसेन्टी | तराई तथा मध्यपहाड | सिर्सा | ३५-४० केजी | ८०:६०:४० | लाइनमा अथवा हलोको पछाडि |
| सुडान | तराई तथा मध्यपहाड | पिपर स्वीटसुडान | १०-१५ केजी | ८०:६०:४० | लाइनमा अथवा हलोको पछाडि |
| बाज्रा | तराई तथा मध्यपहाड | जोइन्ट बाज्रा | १०-१२ केजी | ८०:६०:४० | लाइनमा अथवा हलोको पछाडि |
| बोडी | तराई तथा मध्यपहाड | कात्तिके बोडी, आकाश, प्रकाश, सूर्य | ४०-५० केजी | २०:६०:४० | मकै छरेजस्तै गरी छर्ने |
| भटमास | तराई | हार्डी, कब | ३०-३५ केजी | २०:६०:४० | लाइनमा अथवा हलोको पछाडि |
| | मध्यपहाड | लुम्ले, सेती, पूजा | | | |
| मस्याङ | तराई तथा मध्यपहाड | स्थानीय | २०-३० केजी | २०:६०:४० | लाइनमा अथवा हलोको पछाडि |

## कृषि-मौसम सल्लाह बुलेटिन तयारी गर्ने विज्ञ समूह


| क्र.सं | नाम थर | कार्यक्षेत्र | कार्यालय | इ-मेल | सम्पर्क फोन |
|---|---|---|---|---|---|
| १ | डा. तुलसी प्रसाद पौडेल | पशु आहारा | राष्ट्रिय कृषि वातावरण अनुसन्धान केन्द्र, खुमलटार | harmfree@gmail.com | ९८५११९४२७८ |
| २ | डा. श्रीप्रसाद विष्ट | माटो विज्ञान | राष्ट्रिय माटो विज्ञान अनुसन्धान केन्द्र, खुमलटार | spvista002@gmail.com | ९८५१२७४९८२ |
| ३ | सूर्य प्रसाद बराल | बागवानी | राष्ट्रिय फलफूल विकास केन्द्र, कीर्तिपुर | spbaral23@gmail.com | ९८४१५४८२८४ |
| ४ | चेतना मानन्धर | बाली रोग | राष्ट्रिय बाली रोग विज्ञान अनुसन्धान केन्द्र, खुमलटार | chetana.manandhar@gmail.com | ९८४१६२४१८१ |
| ५ | सुदीप कुमार उपाध्याय | कीट विज्ञान | राष्ट्रिय कीट विज्ञान अनुसन्धान केन्द्र, खुमलटार | sudeeppdl@gmail.com | ९८४२४३७१५३ |
| ६ | डा. संजिव पंडित | पशु स्वास्थ्य | कृषि सूचना तथा प्रशिक्षण केन्द्र, हरिहरभवन, ललितपुर | panditsanjiv2046@gmail.com | ९८४५३२९५४२ |
| ७ | कुमार मणी दाहाल | बागवानी | राष्ट्रिय कृषि वातावरण अनुसन्धान केन्द्र, खुमलटार | kumarmanidahal@gmail.com | ९८५१२२२९५५ |
| ८ | रामेश्वर रिमाल | कृषि-मौसम | राष्ट्रिय कृषि वातावरण अनुसन्धान केन्द्र, खुमलटार | rameshwarrimal@gmail.com | ९८५१०४४१३० |
| ९ | प्रकाश कुँवर | मत्स्य विज्ञान | राष्ट्रिय मत्स्य अनुसन्धान केन्द्र, गोदावरी | prakash.kunwor66@gmail.com | ९८४१५८०२३५ |
| १० | विद्या महर्जन | कृषि-मौसम | जल तथा मौसम विज्ञान विभाग, बबरमहल, काठमाडौं | bidhya159@gmail.com | ९८४१७७०६५१ |
| ११ | डेबिड ढकाल | मौसम पूर्वानुमान | मौसम पूर्वानुमान महाशाखा, गौचर, त्रि.अ.बि. | mfddhm@gmail.com | ०१-४११३१९१ |

## अनुसूची-१: नेपालको मौसम पूर्वानुमानमा प्रयोग हुने शब्दावली

### Terms used in Weather Forecasting in Nepal

| | | |
|---|---|---|
| **बादलको अवस्था (Cloud condition)** | सफा (Fair) | No clouds in the sky |
| | मुख्यतया सफा (Mainly fair) | 1/8 to 2/8 (25%) sky covered by cloud |
| | आंशिक बदली (Partly cloudy) | 3/8 (26%) to 4/8 (50%) sky covered by cloud |
| | साधारणतया बदली (Generally cloudy) | 5/8 (51%) to 6/8 (75%) sky covered by cloud |
| | अधिकांश बदली (Mostly cloudy) | 6/8 (76%) to 7/8 (88%) sky covered by cloud |
| | पूर्ण बदली (Cloudy) | 8/8 (100%) or all sky covered by cloud |
| **वर्षाको प्रकृति (Nature of Rain)** | Temporary or Brief (क्षणिक वर्षा) | Weather phenomena occur for short span of time usually less than two hours |
| | Continuous (लगातारको वर्षा) | Weather phenomena occurring regularly and more often throughout the time duration |
| | Intermittent (रोकिँदै हुने वर्षा) | Rain occurring and reoccurring at certain intervals |
| | Widespread (व्यापक वर्षा) | Weather phenomena extensively throughout an area during specified time duration |

| | | | | |
|---|---|---|---|---|
| **वर्षाको संभाव्यता र यसको क्षेत्र (Rainfall probability in percentage and its coverage)** | <10% | None used | Isolated | at one or two places (एक-दुई स्थानमा) |
| | 10-30% | Slight Chance | Widely Scattered | at few places (थोरै स्थानमा) |
| | 30-50% | Chance/possible | Scattered | at some places (केही स्थानमा) |
| | 50-80% | Likely | Fairly widespread | at many places (धेरै स्थानमा) |
| | >80% | More likely | Widespread | at most places (अधिकांश स्थानमा) |

संभावित वर्षाको मात्रा (%) = आंकलन X क्षेत्र, जहाँ आंकलन भन्नाले कुनै स्थानमा वर्षा हुन सक्ने सम्भावना (%) जनाउँदछ भने क्षेत्र भन्नाले तोकिएको स्थानको वर्षा हुन सक्ने संभावित भूभाग (%) जनाउँदछ। उदाहरणका लागि कुनै स्थानको ८०% क्षेत्रमा ५०% वर्षाको आंकलन गरेको अवस्थामा सो स्थानको संभावित वर्षाको मात्रा (%) = ०.५ X०.८ = ४०% हुन आउँछ।

| | | |
|---|---|---|
| **वर्षाको मात्रा (Rainfall amount based on total accumulated rainfall during 24 hrs.)** | Light rain (हल्का वर्षा) | less than 10 mm |
| | Moderate rain (मध्यम वर्षा) | 10 mm or more but less than 50 mm |
| | Heavy rain (भारी वर्षा) | 50 mm or more but less than 100 mm |
| | Very heavy rain (धेरै भारी वर्षा) | 100 mm or more but less than 200 mm |
| | Extremely heavy rain (अति भारी वर्षा) | 200 mm or more |
| **समयसिमा (Time Period)** | Today (आज) | 6 AM to 6 PM |
| | Morning (बिहान) | 6 AM to Noon |
| | Afternoon (अपरान्ह) | Noon to 6 PM |
| | Late afternoon (अपरान्हको उत्तरार्ध) | 3 PM to 6 PM |
| | Evening (साँझ) | 6 PM to 9 PM |
| | Night (राति) | 6 PM to 6 AM (Next day) |

स्रोत: मौसम पूर्वानुमान महाशाखा, जल तथा मौसम विज्ञान विभाग

# अनुसूची २: राईस ट्रान्सप्लान्टरका लागि बेर्ना राख्ने तरीका

**आवश्यक पर्ने सामाग्रीहरू**

- बीउ
- प्लाष्टिक सिट
- माटो छान्ने जाली
- गोबर मल
- जुटको बोरा र हजारी
- ३/४ ईन्चको स्क्वाइर बार

**विधि**



धान रोप्ने मेसिनको ट्रे को आकार मेसिनको किसिम अनुसार फरक पर्ने हुन्छ। ट्रे को आकार अनुसार बेर्ना व्यवस्थापन गर्नुहोस्। यहाँ ४ लाइनको हिँडेर चलाउने मेसिन (Walk behind type) का लागि बेर्ना तयार पार्ने विधि उलेख गरिएको छ।

- धानको बीउलाई २४ घण्टासम्म पानीमा भिजाउनुहोस्।
- भिजाईसकेको धानलाई छानेर १२ घण्टासम्म जुटको बोरामा राख्नुहोस्। यसले धानमा टुसा आउन सहयोग गर्दछ।
- यसपछि २२ ईन्च * ११ ईन्चको ट्रे मा ४ भाग छानेको माटोमा १ भाग गोबर मल मिलाइ मिश्रणलाई एकनासले लेभल मिलाइ टुसा आईसकेको धान प्रति ट्रे करिब १००-११० ग्राम बीउ मिलाएर राख्नुहोस्। (प्रतिकठ्ठा यस्ता ८-१० वटा ट्रे आवश्यक पर्छ)
- चराले बीउ खानबाट जोगाउन ट्रेमा बीउ राखिसकेपछि माटोले हल्का छोप्नुहोस्।
- ट्रे को चिस्यान नियमित अनुमान गरी हजारीको प्रयोगले नियमित पानी छर्कनुहोस्।
- बीउ छरेको १ हप्ता पछि २/३ दिन बिराएर ०.५% युरिया पानीमा मिलाइ छर्नुहोस्।
- बीउ उम्रेपछि ट्रे मा हल्का पानी जमाएर सिँचाइ कार्य गर्नुहोस्।
- धान रोप्नुभन्दा २/३ दिन अगाडि बेर्नामा पानी दिन बन्द गर्नुहोस्।
- धान रोप्ने मेसिनका लागि १५-२० दिनको बेर्ना रोप्ने योग्य हुने गर्दछ।

ट्रे उपलब्ध नहुने अवस्थामा ३/४ ईन्चको स्क्वाइर बारलाई मेसिनको ट्रे साईज अनुसार फ्रेम बनाई पनि बेर्ना तयार गर्न सकिन्छ। यसरि बनाईएको ट्रेलाई साधारण प्लाष्टिकमा साना साना प्वाल पारी प्लाष्टिकमाथि राखि माथि उल्लेख गरिएको विधिबाट बेर्ना तयार गर्न सकिन्छ।

## अनुसूची-३ : धानबालीको लागि आवश्यक मलखाद मात्रा

| अवस्था | जमिनको अन्तिम तयारीको समयमा | | | | | २५-३० दिनपछि (गाँज आउने समयमा) | ५०-५५ दिनपछि (बाली पोटाउने बेलाभन्दा अगाडि) |
|---|---|---|---|---|---|---|---|
| | डीएपी (केजी/कठ्ठा) | म्यू अ पो (केजी/कठ्ठा) | युरिया (केजी/कठ्ठा) | जिंक सल्फेट (ग्राम/कठ्ठा) | बोरेक्स (ग्राम/कठ्ठा) | युरिया (केजी/कठ्ठा) | युरिया (केजी/कठ्ठा) |
| पूर्वी तराई (झापा,मोरङ र सुनसरी) | २.९ | २.८ | १.८ | ४७६ | २९० | २.९ | २.९ |
| मध्य तराई (पर्सादिखि सप्तरीसम्म) | २.९ | २.२ | १.८ | ४७६ | २९० | २.९ | २.९ |
| पश्चिम तराई (रुपन्देही, कपिलवस्तु र परासी) | २.९ | २.८ | १.८ | ४७६ | २९० | ३.२ | ३.२ |
| सुदूरपश्चिम तराई (बाँकेदेखि कन्चनपुरसम्म) | २.२ | १.७ | १.४ | ३१८ | २९० | २.५ | २.५ |
| भित्रि तराई (चितवन, मकवानपुर र नवलपुर) | २.९ | २.२ | १.९ | ३१८ | २९० | ३.० | ३.० |
| वर्णशंकर | ३.६ | ३.३ | २.३ | ३१८ | २९० | ३.६ | ३.६ |
| पहाडी भागमा (प्रतिरोपनी) | ३.३ | २.५ | २.० | ७१५ | ४३५ | ३.८ | ३.८ |

- *२०० किलोग्राम प्रति कठ्ठा वा ३०० किलोग्राम प्रतिरोपनीका दरले प्रांगारिक मल प्रयोग गर्ने।*

## अनुसूची-४: रोग नियन्त्रणमा जैविक सुरक्षा

पशुपन्छीहरूलाई रोगबाट जोगाउने तथा नियन्त्रण गर्नको लागि अपनाइने सर्वोत्तम उपाय नै जैविक सुरक्षा हो। जैविक सुरक्षामा पन्छीलाई अलग राख्ने, ओसार पसार तथा आवतजावतमा नियन्त्रण गर्ने र सरसफाइमा ध्यान दिनु नै मुख्य कार्य हुन यसको लागि निम्न लिखित कुराहरू अवलम्वन गर्नुहोस्। जस्तैः

- फार्म परिसरको मुख्य प्रवेशद्वार एउटा मात्रै र बाहिर निस्कन अर्को ढोका पछाडि राख्ने व्यवस्था मिलाउनुहोस्।
- फार्म परिसरभित्र मुसा र कीरा नियन्त्रण सम्बन्धी व्यवस्था गर्नुहोस्। पोल्ट्री दाना र अण्डा राख्ने कोठामा जंगली जनावर, चरा तथा अन्य जनावर पस्न नसक्ने बनाउनुहोस्।
- दाना र अण्डा राख्ने घर सफा र निःसंक्रमण गर्न सकिने खालको प्रयोग गर्नुहोस्।
- आगन्तुकले फार्मभित्र जानुपर्दा अनुमति लिएर मात्र जान पाउने व्यवस्था मिलाउनुहोस्।
- फार्ममा आगन्तुकहरूको तथा गरीने दैनिक गतिविधिको पूर्ण विवरण सहितको अभिलेख राख्नुहोस्।
- प्रत्येक खोरमा रोग नियन्त्रणका लागि अल-इन, अल-आउट (All– in, all–out) को सिद्धान्त अपनाउनुहोस्।
- एकपटक राखिएका कुखुरा हटाएपछि कुखुराको सोत्तर पूर्णरुपले हटाउनुहोस्। त्यसपछि खोर सफा गरी निसंक्रमणः गर्नुहोस्। जीवाणु, विषाणु र ढुसी भए-नभएको समय-समयमा आधिकारिक प्रयोगशालाबाट प्रमाणित गर्नुहोस्।
- पन्छी राख्ने खोर नियमित रुपमा सफा गरी चुना भिरकोन आदिले निःसंक्रमण गर्नुहोस्।
- बिरामी र मरेको कुखुरालाई खोरबाट तुरुन्तै हटाउने र रोग फैलन नदिने गरी नष्ट गर्नुहोस्।
- फार्मबाट निस्केको फोहोरलाई नष्ट गर्नुहोस्।
- फार्मभित्र ह्विल डिप (Wheel dip) गरेर मात्र फार्मको गाडी प्रवेश गराउनुहोस्।
- फार्ममा चेन्ज रुम, फुटवाथ, रबर बुट, एप्रोनको व्यवस्था मिलाउनुहोस्।
- फुट डिप हरेक खोरको अगाडि राख्ने व्यवस्था मिलाउनुहोस्।
- फार्मको ढोका सधैं बन्द राखी नियमित रुपमा निःसंक्रमण गर्नुहोस्।
- बसाइसराइ गर्ने पन्छीबाट टाढा राख्नका लागि ताल, तलैया तथा सिमसार क्षेत्र नजिक फार्म स्थापना नगर्नुहोस्।
- फार्ममा कार्यरत व्यक्तिहरूले आवश्यकता अनुसार पटक-पटक साबुन पानीले हात धुनुहोस्।
- आगन्तुकहरूलाई कुखुरा तथा कुखुराबाट उत्पादित वस्तुसँग सोझै सम्पर्कमा आउन नदिनुहोस्।
- फार्ममा आगन्तुको अनावश्यक प्रवेशमा रोक लगाउनुहोस्। प्रत्येक पोल्ट्री फार्मभित्र आगन्तुक र कर्मचारीलाई कपडा बदल्ने कोठा र स्नान कक्षको व्यवस्था गर्नुहोस्।
- फार्ममा एक्कासि धेरै संख्यामा पन्छीहरू बिरामी परेमा वा मरेमा नजिकको पशु सेवा कार्यालयमा तुरुन्त जानकारी गराउनुहोस्।

## अनुसूची-५: एकिकृत माछापालनको लागि पोखरीमा माछा भुराको अनुपात

| क्र.सं | माछाको जात | सातवटै जातहरू पाल्दा | चाइनिज कार्प मात्र पाल्दा | छडी माछा पाल्दा | कैफियत |
|---|---|---|---|---|---|
| १ | कमन कार्प | २५% | ३५% | | बिगहेड तथा भाकुर दुवै मिलाएर वा एक-अर्काको सट्टामा राख्न सकिन्छ। |
| २ | सिल्भर कार्प | ३५% | ४५% | | |
| ३ | बिगहेड कार्प वा भाकुर | १०% | १५% | ४०% | |
| ४ | ग्रास कार्प | ५% | ५% | | |
| ५ | रहु | १०% | | ३०% | |
| ६ | नैनी | १५% | | ३०% | |
| जम्मा | | १००% | १००% | १००% | |